(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३

| | लालमोहर सदर मिति | प्रकाशन मिति |
|---|---|---|
| | २०१३।७।१५ | २०१३।७।२७ |

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. केही नेपाल कानून (संशोधन र पुनःव्यवस्थापन) ऐन, २०२० | २०२०।११।१६ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| २. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६♣ | २०६६।१०।७ |

२०१३ सालको ऐन नं. १०

[2]............

प्रादेशिक बहुमुखी योजना कार्यान्वित गर्न बनेको ऐन

कुनै क्षेत्रहरुमा बहुमुखी विकास योजनाहरु शीघ्रतापूर्वक कार्यान्वित ➪हुने व्यवस्था गरी सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम "प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. विकास क्षेत्रको सूचना:तोकिएको जुनसुकै इलाकाको विकासको लागि बहुमुखी योजना तयार गरी नेपाल सरकारले प्रकाशित सूचनाद्वारा सो क्षेत्रलाई विकास क्षेत्र भनी घोषित गर्न सक्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

♣ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६द्वारा झिकिएको।

➪ केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

३. विकास क्षेत्र सम्बन्धमा नेपाल सरकारको अधिकार: दफा २ अन्तर्गत सूचना प्रकाशित भएपछि नेपाल सरकारले देहाय बमोजिम गर्न सक्नेछः–

(क) तोकिएको अधिकृतहरुद्वारा सर्भे गर्न निर्देश दिने र यस्ता अधिकृतहरु विकास क्षेत्रको जुनसुकै जग्गा जमिनमा प्रवेश गर्न पाउने ।

(ख) विकास योजना कार्यान्वित गर्न आवश्यक भएको बाटो, घाट, नहरहरु बनाउने र यस्तै अरु कामहरु गर्ने ।

४. जग्गा जमिन प्राप्त गर्ने नेपाल सरकारको अधिकार:(१) दफा २ अन्तर्गत सूचनामा उल्लेख भए अनुसारको कुनै विकास योजना कार्यान्वित गर्नको निमित्त विकास क्षेत्र भित्रको कुनै जग्गा जमिन इत्यादिको आवश्यकता छ भन्ने नेपाल सरकारको विचारमा लागेमा नेपाल सरकारले त्यस्तो जग्गा जमिन प्राप्त गर्न सक्तछ ।

(२) जग्गा प्राप्त गर्ने बारे तत्काल लागू भई रहेको ऐन बमोजिम यस्ता जग्गा जमिन प्राप्त गरिनेछ ।

तर जग्गा प्राप्त गर्नु भन्दा अघि दुई वर्षसम्म पर्ति रहेको जग्गा जमिनका हकमा कुनै क्षतिपूर्ति दिइने छैन र नेपाल सरकारले विकसित क्षेत्रको कुनै विकसित जग्गा जमिन बेच्न चाहेको खण्डमा जुन जुन व्यक्तिबाट नेपाल सरकारले क्षतिपूर्ति बेगर त्यस क्षेत्रमा जग्गा जमिन प्राप्त गरेको थियो, ती ती व्यक्तिले दफा ५ अन्तर्गत बनिने नियमहरुको अधीनमा रही त्यस्तो विकसित जग्गा जमिन किन्न नपाई अरुले किन्न पाउने छैन ।

५. नियमहरु बनाउने नेपाल सरकारको अधिकार:(१) यस ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी सो नियमहरुले देहायका कुराहरुमा पनि व्यवस्था गर्न सक्नेछः–

कानून किताब व्यवस्था समिति

(क) कुन काइदाले र कुन कार्यप्रणालीले कामहरु कार्यान्वित गरिन्छन्, सो बारे ।

(ख) विकसित जमिन बेच्दा भोगाधिकार कस्तो हुने र किन्ने व्यक्ति तथा निजको सन्तान दरसन्तानले कुन शर्तमा यस्ता जग्गा जमिनहरु भोग गर्छन्, सो बारे ।

६. <u>प्रचलित ऐनसँग बाझिएमा गर्ने बारे:</u>तत्कालिन लागू रहेको कुनै नेपाल कानूनसँग बाझिए तापनि ☑<u>यो ऐन लागू हुनेछ</u> ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

---

☑ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

<u>द्रष्टव्यः</u> केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु :-

"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।